हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोटर्स सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : २१८ पृष्ठ : ४ २०७७ फाल्गुन २६ गते बुधबार (Wednesday 10 March 2021) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## दुर्व्यसनको भुंग्रोमा मधेस

■ सन्तोष बराइली

प्रहरीले सिरहाका विभिन्न स्थानमा आकस्मिक चेकजाँच गर्दैआएका छन् । जाँचका क्रममा पैदल यात्रा गरिरहेका युवकको गतिविधि शंकास्पद देखिएपछि प्रहरीले खानतलासी र निगरानी गर्दै आएको छ । निगरानीमा पर्ने युवक लागूऔषधमा पक्राउ पर्दै आएका छन् ।

**लागूऔषध र सेतो ब्राउन सुगरको कालो कथा**

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार प्रहरीले चालु आर्थिक वर्षमा ३७ जना ब्राउन सुगर कारोवारीलाई समाएर मुद्धा चलाएको छ । ब्राउन सुगर मात्र होइन, सीमावर्ती भारतीय बजारबाट लुकिछिपी ल्याइने विभिन्न किसिमका लागूऔषध र नेपालबाट भारततर्फ पैठारी हुने गाँजा र भारतबाट नेपाल भित्र्याइने औषधिजन्य लागुपदार्थ ओसार-पोसारमा संलग्नलाई प्रहरीले दिनहुँ जसो पक्राउ गरिरहेको छ ।

चालु आर्थिक वर्षमा सिरहा प्रहरीले चार हजार ३३ विभिन्न प्रकारका लागूऔषध बरामद गरेको छ भने लागु औषधमा संलग्न १ सय जनालाई लागूऔषध कारोवारीको मुद्दा चलाइसकेको छ । नेपाल-भारत सीमा जोड्ने जयनगर, पिपराही, लदनियाँ, लोकहा लगायतका नाकामा पुगेर लागूऔषध सेवन र खरिदगरी ल्याउने जमात बढ्दो छ ।

प्रहरीले सीमा नाकामा ओहोरदोहोर गर्ने युवा जमातलाई लक्षित गरेर चेकजाँच गर्दा अधिकांशको साथबाट केही न केही लागूऔषधका सामग्रीहरू फेलापर्ने गरेको दाबी गरेको छ । लागूऔषध सेवन र कारोवारीको आरोपमा पक्राउ पर्नेमा अधिकांश २० देखि ३० वर्ष उमेर समूहका युवा छन् । पक्राउ पर्ने लागुऔषध प्रयोगकर्ता अभिभावकको निगरानीमा नभएका उल्लेख्य छन् ।

'अभिभावकबाट राम्रो निगरानी नभएर लागूऔषधको कूलतमा फसेको देखिन्छ', एक स्थानीयले भने-'पढाई छोडेर बसेका, काम नपाएर फुर्सदमा बसेका युवा साथीसङ्गतको बहकावमा परेर दुर्व्यसनीमा फसेको पाइन्छ ।'

प्रहरीले पक्राउ गरेर मुद्दा चलाउँदा पनि अभिभावकले आफ्ना बच्चा दुर्व्यसनमा फसेको पत्याउँदैनन् ।

खुला सिमानाको फाइदा उठाउँदै कारोबारीले लागूऔषधका सामग्री भारतबाट चोरीछुपी नेपाल भित्र्याउने गरेका छन् भने नेपालबाट गाँजा भारत लैजाने गरेका छन् ।

तर सीमाक्षेत्रमा खटिएका सुरक्षाकर्मी भन्छन् -'भारतबाट भित्रिने लागूऔषध र यहाँ खेती लगाइने गाँजा नेपाल-भारत दुबै देशका साझा समस्या भएकाले यसको निराकरणका लागि साझा अभियान चाल्न आवश्यक छ ।'

**पारी कोरेक्स, वारी मदिरा**

नेपाल-भारत सीमाका भारतीय बजारमा कोरेक्स र विभिन्न किसिमका औषधीजन्य लागूपदार्थका ट्याब्लेट खुल्लमखुल्ला बिक्री वितरण हुने भएकाले नेपालका धेरै युवा लागूऔषध सेवन गर्न भारतीय बजार जाने गर्छन । यस्तै, भारतको बिहारमा मदिरा कारोबार र सेवनमा कानुनी रूपमा रोक लगाएपछि भारतसँग सीमा जोडिएका नेपाली हाटबजारमा बग्रेल्ति खोलिएका मदिरा पसलमा धेरैजसो बिहारका नागरिक ग्राहक बनेर आउने गरेका छन् ।

सीमासँग जोडिएका भारतीय बजारका मेडिकलमा मात्र होइन, किराना, कपडा, पान पसल, चिया पसलमा कोरेक्स लगायतका

बाँकी २ पेजमा

**नेपाल निर्माण व्यवसायी संघ**
जिल्ला समिति, लहान (सिरहा)
फोन नं. ०३३-५६०६७५
E-mail : contractorsassociationlahan@gmail.com

**११ औं साधारण सभा सम्बन्धी सूचना**

मिति : २०७७।११।२४ गते

यस संघको ११ औं साधारण सभा र २५ बर्ष पुरा गरेको उपलक्ष्यमा मनाउन गइरहेको रजत जयन्ती मिति २०७७।१२।२५ गते बुधवारका दिन लहानमा हुन गइरहेको सबै सदस्यहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नोट** : साधारण सभामा भाग लिन सबै सदस्यहरुले चालु आ. व. सम्मको सदस्यता नविकरण गरेको हुनुपर्ने वा २०७७।१२।२२ गते भित्र नविकरण गरि सक्नु पर्नेछ ।

रास लाल राय
अध्यक्ष
नेपाल निर्माण व्यवसायी संघ
जिल्ला समिति लहान, सिरहा
परिवार ।

## एसईई जेठ १३ देखि २४ गतेसम्म




राष्ट्रिय परीक्षा बोर्डले २०७७ को एसईई आगामी जेठ १३ गतेदेखि गर्ने निर्णय गरेको छ । बोर्डको मंगलबार बसेको बैडकले कक्षा १२ को परीक्षा जेठ २६ गतेबाट सुरू गर्ने निर्णय गरेको सचिव दुर्गाप्रसाद अर्यालले जानकारी दिए ।

एसईई जेठ १३ देखि २४ गतेसम्म सञ्चालन हुने अर्यालले बताए । यसअघि एसईई चैतमै हुँदै आएको थियो । यो वर्ष कोभिड-१९ महामारीका कारण पठन-पाठन राम्रोसँग हुन नसकेकाले जेठमा सारिएको बोर्डले बताएको छ । सकारले यसअघि नै यस वर्षको शैक्षिक सत्र जेठसम्म कायम गरेको थियो ।रासस




**घर भाडामा चाहिएमा**




लहान नगरको महेन्द्र राजमार्गको ३ नं रोडमा सोनालिका ट्रयाक्टरको १० वर्षसम्म शोरुम रहेको करिब तीन कठ्ठा कम्पाउण्ड वाल सहितको घर भाडाका लागि खाली छ । ट्रयाक्टर, कार-जिप, मोटरसाइकल शोरुम-वर्कशप, बैंक-बित्तीय संस्था, होटल, डिपार्टमेन्टल स्टोर आदिका लागि अत्यन्त उपयुक्त घर-कम्पाण्ड आवश्यक पर्ने व्यक्ति, फर्म, वा संघ-संस्थाले सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. र ठेगाना
मो.नं. ९८१६७६८९५०, ९८५२८३०९५०
कुशवाहा चौक, लहान-३ नं. रोड
सोनालिका ट्रयाक्टर रहेको घर




**फ्रेन्डस मोडेल हस्पिटल, लहान-४**
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# मानव शरीरमा १०७ मर्मस्थान, जहाँ आघात पुगे 'निधन हुनसक्छ'

मानव शरीरमा १०७ वटा जीवितीय विन्दु हुन्छ । ती विन्दुमा आघात पर्दा मानिसको निधनसमेत हुनसक्ने भएकाले यस विषयमा जानकारी गराउन तीन दिने मर्म चिकित्सासम्बन्धी तालिम शुरू भएको छ ।

राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र कीर्तिपुरले सोमबारदेखि तीनदिने मर्म चिकित्सासम्बन्धी तालिम शुरू गरेको हो । आयुर्वेद स्वास्थ्य संस्थाका ३० कविराज र वैद्यलाई सोमबारदेखि तालिम शुरू गरिएको केन्द्रका कार्यकारी निर्देशक डा रामआधार यादवले जानकारी दिए ।

प्राचीनकालमा मर्मस्थानमा कवच लगाएर सुरक्षा गर्ने गरिएकामा हाल यी स्थानको ज्ञानको अभावमा चोटपटक लाग्दा मानिसको एक्कासि निधनसमेत हुने गरेको छ । कसैलाई जानेर वा नजानेर मर्मस्थानमा हिर्काउँदा तत्काले निधन भई पश्चाताप गर्नुपर्ने घटना पनि भएका छन् । यही विषयमा जानकारी गराउन मर्म चिकित्सासम्बन्धी तालिम शुरू गरिएको हो । दुवै हातमा ११/११ गरी २२ वटा मर्मस्थान हुन्छन् । यसैगरी गोडामा पनि ११/११ गरी २२ नै मर्मस्थान हुन्छन् । यसैगरी पेट र छातीमा १२ मर्मस्थान हुन्छन् । ढाडको भागमा १४ मर्मस्थान हुन्छन् । घाँटीभन्दा माथि ३७ मर्मस्थान हुन्छन् । तिनलाई ऊर्ध्वजत्रुगत मर्म भनिन्छ ।

यसैगरी मानव शरीरमा सधः प्राणहर मर्म १९ वटा हुन्छन् । दुर्घटना वा चोटपटकका क्रममा यहाँ आघात परे घटनास्थलमै मानिसको निधन हुनसक्छ । यस्ता मर्मस्थान टाउकामै सातवटा रहेको कार्यकारी निर्देशक यादवले बताए । यसैगरी घाँटीमा आठ यस्ता मर्मस्थान छन् ।

गुदा क्षेत्रमा एउटा यस्तो मर्मस्थान छ । शरीरमा क्लान्तर प्राणहर मर्म ३७, विशल्यघ्न तीन, वैकल्य कर ४४ र रूजाकर नामका मर्मस्थान आठवटा हुन्छन् ।

मर्मस्थानमा प्राणको बास हुने भएकाले आघातका क्रममा मृत्युसमेत हुने गरेकाले चिकित्सकमार्फत मानवसमुदायलाई जानकारी गराउन लागिएको हो । यससम्बन्धी ज्ञान भएमा स्नायु प्रणालीका कारण शरीरमा लाग्न सक्ने रोगबाट बच्रून सकिने भएकाले तालिम आयोजना गरिएको केन्द्रले जनाएको छ । रासस

## दुर्व्यसनको ...

लागूऔषधको बिक्री फस्टाइरहँदा नेपालका हाटबजारमा मदिराको व्यापार बढेको छ । यहि मेसोमा भारतबाट औषधीजन्य लागूऔषध गैरकानुनी रूपमा नेपाल भित्रिने गरेको छ भने नेपालबाट मदिरा भारत भित्रिने क्रम बढेको छ ।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट LAHANPOST DAILY

# चुनाव र पञ्चायती भूत

संसद् पुनःस्थापना भए पनि ढिलोचाँडो चुनावमा जानुको विकल्प छैन । सर्वोच्च अदालतले संसद् ब्युताएपछि प्रधानमन्त्री केपी शर्मा ओली पनि यसैमा जोड दिइरहेका छन् - आफूलाई हटाए दुई तिहाइ ल्याउने उद्घोषका साथ ।

यसअघि संसद् भंग गरेपछि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला (२०५१) र शेरबहादुर देउवा (२०५९) ले पनि प्रधानमन्त्री ओलीकै शैलीमा दुईतिहाइ बहुमत ल्याउने हुँकार गरेका थिए । सत्ताको आडमा चुनाव गराउँदा शक्तिको दुरूपयोग गरी मत परिणाम प्रभावित गर्न सकिन्छ भन्ने मानसिकता नेताहरूमा देखिन्छ । परिणाम भने संसद् भंग गर्ने प्रधानमन्त्रीको विपक्षमा गएको छ ।

राजनीतिक वृत्तमा आश र त्रासले चुनावी परिणाममा प्रभाव पार्ने पञ्चायतकालीन मानसिकता अझै हटेको छैन । अरू जे जे भए पनि चुनावअघि सत्ताको नेतृत्वमा आफैं पुग्नै पर्छ नभए पनि प्रतिद्वन्द्वीलाई पुग्न चुनाव गर्न दिनु हुन्न भन्ने मानसिकताका कारण २०६९मा बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा चुनावी गरकार बनाउन सबैको सहमति भएको थियो ।

यो आलेख सत्तामा बसेर चुनाव गराउनेले गर्न सक्ने धाँधलीको छर्लंग उदाहरण मानिने जनमत संग्रह (२०३७) मा पञ्चहरूले कसरी धाँधली गरे भन्नेमा केन्द्रित छ ।

दरवारका पूर्वप्रमुख सचिव रेवतीरमण खनाल लेख्छन् - '७५ जिल्ला पञ्चायतका सदस्य, तीन हजारभन्दा बढी गाउँ पञ्चायतका सदस्य, छवटा वर्गीय संगठनका विभिन्न तहका सदस्यहरू र राष्ट्रिय पञ्चायतका सदस्यहरू परिचालित गरी जनमत संग्रह गऱ्यो भने पञ्चायतको पक्षमा दुई तिहाइभन्दा बढी मत आउँछ भन्ने आकलनपछि मात्र जनमत संग्रहको घोषणा भएको थियो ।'

धाँधली गर्न त्यही अनुकूलको प्रधानमन्त्री बनाउनु पर्ने निष्कर्ष निकालियो र भलाद्मी स्वभावका कीर्तिनिधि विष्टलाई राजीनामा गराएर कुटिल प्रवृत्तिका सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाइयो ।

राजा र बीपीबीच संवाद भएर जनमत संग्रह घोषणा भयो । त्यसपछि तपाईंलाई राजीनामा गराई किन सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाइयो भन्ने लेखकको प्रश्नमा पूर्वप्रधानमन्त्री विष्टले प्रष्ट जवाफ दिएनन् । एकोहोरो हाँसेर यतिमात्र भने-

**जगत नेपाल**



'यही प्रश्न बीपीले मेरै घरको बैठक कक्षमा राख्नु भएको थियो ।'

राष्ट्रिय पञ्चायतका पूर्वअध्यक्ष नवराज सुवेदीका भनाइमा चुनाव घोषणा हुँदा 'बहुदलपक्ष उत्साहित थिए भने पञ्चहरूमा निराशा व्याप्त भएको थियो । सूर्यबहादुरजी प्रधानमन्त्री हुँदा पञ्चहरूमा आशा जाग्यो ।'

केही समय मौन बसेका राजा वीरेन्द्र स्वयं बहुदल हराउन 'फ्रन्ट लाइन'मै उभिए । शाही नेपाली सेनासहित सबै सुरक्षा निकाय र राज्यका अंग पञ्चायत जिताउने मिसनमा परिचालन गरिए । हाल सेनाका अवकाश प्राप्त जर्नेल राजेन्द्र थापा तिनताका प्रधानसेनापति सिंहप्रताप शाहका एडीसी थिए । थापाले लेखेका छन् 'प्रधानसेनापति शाहले सबै सुरक्षा निकायको सूचना प्रणालीलाई एकै छातामुनि राखेर कांग्रेसी प्रयत्नलाई असफल बनाउने नीति तयार पारे । सैनिक मुख्यालयमा गृह मन्त्रालय, प्रहरी, र राष्ट्रिय अनुसन्धान विभागका अधिकृत रहने गरी एक गोप्य कार्यालय स्थापना गरियो ।'

थापा लेख्छन् - 'त्यस बेला गुप्तचर विभाग कतिसम्म सक्षम थियो भने बीपी, गणेशमान र किसुनजीबीच मात्र भएका खबर पनि २४ घन्टाभित्र आइपुग्थे । पछि मैले सुने तीनै नेताका सबैभन्दा नजिक रहने कामदार, सहयोगी, चालक, भान्से आदि नै गुप्तचर विभागका कर्मचारी थिए रे !'

सेना, प्रहरी, प्रशासन सबै संयन्त्र बहुदल हराउने मिसनमा परिचालित गरियो । 'राजाले बहुदल घोषणा गर्दा निर्दल र बहुदलको प्रचार प्रसारलाई भेदभाव गरिनेछैन भनेका थिए । तर, सरकारी सञ्चार माध्यमको व्यापक दुरूपयोग भयो । 'प्रधानमन्त्री सूर्यबहादुर थापाले गोर्खापत्रका सम्पादक गोकुलप्रसाद पोखरेल, द राईजिङ नेपालका प्रधानसम्पादक मनोरञ्जन जोशी र महाप्रबन्धक भारतदत्त कोइरालालाई बोलाएर पञ्चायतको पक्षमा प्रचार प्रसार गर्न दबाब दिए ।'

बहुदल हराउन केमात्र गरिएन ? जनमतसंग्रह ताकाका मन्त्री नवराज सुवेदीले आफ्नो पुस्तक 'इतिहासको एक कालखण्डमा' बढो रोचक ढंगबाट लेखेका छन् । बहुदल हराउने विषयमा प्रधानमन्त्री सूर्यबहादुर थापा र उनीबीच एक दिन भएको वार्तालाप यस्तो थियो ।

सूर्यबहादुर : 'जनमत नहुन्जेलसम्म कति रकम चाहिन्छ भन्नुस् ।

नवराज : करिब तीन करोड पचास लाख जति भए पञ्चायत जिताउन सकिन्छ ।'

त्यो दिन व्यापारीबाट सहयोग उठाउने सहमति गर्दै छलफल सकियो । उद्योगी व्यवसायीसँग कुरा गर्ने जिम्मेवारी प्रधानमन्त्री थापाले सुवेदीलाई दिए । तर, भनेजस्तो सहयोग मिलेन । अन्त्यमा प्रधानमन्त्री थापाले भने 'नवराजजी, कुनै एक व्यापारी समाउनुस्, कुन सर्तमा दिन्छ सोध्नुस् र एकै जनासँग साढे तीन करोड लिने व्यवस्था गर्नुस् ।'

तिनताका हिजोआजजस्तो दुई नम्बरी धन्दाबाट पैसा कमाउने धेरै थिएनन् । नेपालभित्र यस्तो धन्दामा भारतीय नागरिक चोथमल जाटियाको एक छत्र राज चल्थ्यो ।

सुवेदीले तिनै जाटियासँग कुरा गरे । त्यो क्षण सुवेदीले लेखकलाई यसरी सुनाए - 'मैले जाटियासँग पञ्चायत जिताउन सहयोग चाहियो भने । उनले भने मन्त्रीज्यू तपाईं र प्रधानमन्त्री थापाज्यूलाई त्यो पनि पञ्चायत जिताउन खाली साढे तीन करोड चाहिएको छ । यो त साह्रै लाजमर्दो कुरा भयो । म आजै दिन सक्छु तर पैसा दिने भएपछि मैले केही सुविधा पाउनुपर्छ ।'

सुवेदीमार्फत् प्रधानममन्त्री थापाले पञ्चायत जिताउन व्यापारी जाटियाका तीन सर्त स्वीकार गरे ।

१. उनलाई नेपाली नागरिकता दिने,

२. काठमाडौंभित्र ठूलो कटन कारखाना खोल्न दिने र

३. सर्पको छाला निर्यातका लागि अनुमति दिने ।

प्रधानमन्त्री निवास बालुवाटारमै प्रधानमन्त्री थापा र सुवेदीले आफ्ना तीन सर्त स्वीकार गरेपछि ती व्यापारीले भनेका थिए - 'तपाईं दुई जनाले जनमतसंग्रहपछि मेरो काम गरिदिने जिम्मा लिनुहुन्छ भने साढे तीन करोड होइन, पञ्चायतलाई जति चाहिन्छ, जति बेला चाहिन्छ, म नै सबै रकमको व्यवस्था गरिदिन्छु ।

पञ्चायत जिताउन मन्त्रीको हैसियतमा खटिएका सुवेदीले लेखकसँग भनेका छन् तिनले दिल खोलेर सहयोग गरे । हरेकपटक उनको घरबाट पैसा ल्याउने म नै थिए । साँच्चै भन्ने हो भने उनको सहयोगविना पञ्चायतलाई जिताउन असम्भव थियो । तर, चुनावलगत्तै उनको मृत्यु भइहाल्यो । उनको माग सरकारले पूरा गर्नु परेन ।

दरबार र पञ्च मिलेर साम, दाम, दण्ड भेदको नीति अपनाउँदासमेत पञ्चायतको पक्षमा सवा चार लाख मतमात्र बढी पऱ्यो ।

२०३७ बैसाख २० गते भएको मतदानको परिणाम जेठ १ गते घोषणा गरियो । 'पञ्चायतको पक्षमा २४ लाख, ३३ हजार ४५२ (५४.७९) र बहुदलको पक्षमा २० लाख ७ हजार ९६५ (४५.२१ प्रतिशत) मत पऱ्यो । ३ लाख ७२ हजार ६९ मत बदर भए ।

तत्कालीन गृह सचिव तेजबहादुर प्रसाईले आफ्नो जीवनीमा लेखेका छन् - 'पञ्चायतले जितेकै होइन तर धेरै मान्छे शंका गर्छन् ।

जुम्ला हुम्लाको मतपेटिका गृहसचिव पठाएर ल्याइयो । म सचिवको हैसियतले लागे । भोट पहेलोमा हाल भने । म कर्मचारी थिए, पञ्चायत जिताउने सरकारको नीति थियो, म त्यतै लागेँ । तर पञ्चायतले जितेको होइन ।'

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा पलाउनेछ । प्रेम र मित्रताको बन्धनमा रमाउने समय पनि छ ।

**वृष** :- आज चिताएको कामले तीव्रता लिनेछ । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ ।

**मिथुन**:- आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । नोकरी गर्नेले मानसम्मान पाउने छन् । छोटो यात्राको सम्भावना पनि रहेको छ ।

**कर्कट** :- आज अध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ । आजको दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । पारिवारिक सुख पनि मिल्नेछ ।

**सिंह**:- विचार पुर्याएर निर्णय लिनु राम्रो होला । मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ । दाम्पत्य जीवनमा एक किसिमको निरसता आउन सक्छ ।

**कन्या** :- शुभारम्भको चर्चा चल्नेछ । भौतिक साधन जुटाउने समय छ । व्यवसायको सन्दर्भमा रमाइलो यात्रा होला । अतिथिको रूपमा सत्कार पाइएला ।

**तुला** :- अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । शुभकार्यको चर्चा चल्नेछ । बन्दव्यापार र पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ ।

**वृश्चिक** :- विवाद र प्रतिस्पर्धामा सफलता मिल्नेछ । धार्मिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ । आधुरा कामसमेत सम्पादन हुनसक्छ ।

**धनु** :- अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ ।

**मकर**:- आज रोकिएका काम पुनः सुरू हुन सक्छन् । जग्गाजमिनको कारोबारबाट राम्रो फाईदा हुनेछ । न्यायिक कार्यमा सफलता मिल्न सक्छ ।

**कुम्भ**:- दबाब र तनाव बढेको महसुस हुनेछ । महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ । सन्तानपक्षको मायामा कमी आउनेछ । यात्रामा सावधानी अपनाउनु पर्नेछ ।

**मिन** :- आज रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । लामो समयदेखि रोकिएका अधुरा कामहरु पूरा हुनेछन् ।

# पिकअपको ठक्करले मृत्यु

**सप्तरी** । पिकअप गाडीको ठक्करबाट सप्तरीमा मंगलबार एक व्यक्तिको घटनास्थलमा मृत्यु भएको छ । सप्तरीको अग्निसाइर कृष्णासवरन गाउँपालिका-१ जण्डौलमा प्रदेश नं ३-०१-०२४च ४२६९ नम्बरको पिकअपले दिएको ठक्करले सोही ठाउँका २८ वर्षीय दीपक चौधरीको मृत्यु भएको प्रहरीले जनाएको छ । पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको पिकअप गाडीले सोही दिशातर्फ जाँदै गरेको पैदलयात्री चौधरीलाई ठक्कर दिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक भुवनेश्वरप्रसाद साहले बताए । शव परीक्षणका लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविराजको शवगृहमा ल्याइएको छ । प्रहरीले पिकअप गाडी र चालक कपिलवस्तुको बाणगङ्गा नगरपालिका-४ का २४ वर्षीय दीपेन्द्र थापालाई पक्राउ गरेको छ । **रासस**

# देउवाद्वारा डा.खड्काको निधनप्रति दुःख व्यक्त

**ने**पाली काँग्रेसका सभापति शेरबहादुर देउवाले पार्टी, म्याग्दीका पूर्वसभापति डा.भूपेन्द्र बहादुर खड्काको निधनप्रति दुःख व्यक्त गरेका छन् । डा. खड्काको आज बिहान काठमाडौंको सैनिक अस्पताल छाउनीमा उपचारका क्रममा निधन भएको हो ।

सभापति देउवाले डा.खड्काको निधनको खबरले आफूलाई स्तब्ध र मर्माहत भएको जनाउँदै शोक विज्ञप्तिमार्फत उनमा श्रद्धाञ्जलि र शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गरेका छन् । खड्का २०४८ सालको आमनिर्वाचनमा म्याग्दी निर्वाचन क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार तथा विसं २०५५ मा म्याग्दी जिल्ला सुकुम्बासी आयोगका अध्यक्ष हुनाका साथै विभिन्न सामाजिक संस्थामा क्रियाशील रहँदै आएका थिए ।

विसं १९९८ साउन २० गते तत्कालीन अथुङ्गे गाविस-१ मा जन्मनुभएका खड्काले पार्टी सङ्गठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनमा सक्रिय



भूमिका निर्वाह गरेका थिए । काँग्रेसले उहाँको निधनबाट पार्टीले एक अग्रज व्यक्तित्वलाई गुमाएको जनाएको छ । *रातोपाटीबाट*

# जसपाको निर्णय : रेशम चौधरीको रिहाइ गर्नेलाई मात्र समर्थन

**ज**नता समाजवादी पार्टीले कैलालीको टीकापुर काण्डका मुख्य अभियुक्त भनिएका रेशम चौधरीको रिहाइलगाएतका मुद्दा सम्बोधन गर्ने पक्षलाई नै समर्थन गर्ने निर्णय गरेको छ ।

सिंहदरबारमा मंगलबार बसेको जसपाको संसदीय दल बैठकले उधारोमा नभइ हाताहाती रूपमा जस्ले आफूहरूको माग सम्बोधन गर्न गर्छ, उसैलाई नै समर्थन गर्ने निर्णय गरेको हो । पटक-पटक आश्वासन दिएपनि माग सम्बोधन नभएकाले आफूहरूको मागलाई प्राथमिकतामा राखेर अघि बढ्ने जसपाको निष्कर्ष छ । *टुडे खोजबाट*



# अनलाईन सञ्चारमाध्यमले जेष्ठ मसान्तसम्म नवीकरण गर्न पाउने

**अ**नलाईन सञ्चारमाध्यमले आगामी जेष्ठ मसान्तसम्म नवीकरण गर्न पाउने भएका छन् । मंगलबार सूचना, सञ्चार तथा प्रविधि मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै अनलाईन सञ्चारमाध्यमले आगामी जेष्ठ मसान्तसम्म नवीकरण गर्न पाउन सक्ने व्यवस्था गरेको जानकारी दिएको हो । कोभिड १९ पछिको अवस्थामा सञ्चारमाध्यममा आर्थिक लगायत विविध समस्या देखा परेकाले सो निर्णय गरिएको विज्ञप्तिमा जनाइएको छ । मन्त्रालयका सचिव हरिप्रसाद बस्यालले यही फागुन २४ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सो जानकारी गराएका छन् ।

राजपत्रमा प्रकाशित सूचनालाई उदृत गर्दै विज्ञप्तिमा भनिएको छः 'अनलाईन सञ्चारमाध्यम निर्देशिका, २०७३ को दफा ५ बमोजिम दर्ता भएका अनलाईन सञ्चारमाध्यम प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र अर्थात् पुस महिनाभित्र नवीकरण गराउनुपर्ने भन्ने व्यवस्था गरिएकामा पछिल्लो सूचनाले संवत् २०७८ जेष्ठ मसान्तभित्र अनलाईन सञ्चार माध्यमले नवीकरण गराउने गरी तोकिएको छ ।' *रातोपाटीबाट*


## नेपाली नागरिकताको प्रमाण -पत्र हराएको सुचना

यहि मिति २०७७ साल फागुन १५ गते महोत्तरीको जलेश्वर देखि सिरहाको लहान आउने क्रममा बाटोमै ना. प्र .न .१८ -०१ -७१.०२१०७ नम्बर भएको **निलम शाह**को नेपाली नागरिकताको प्रमाण -पत्र हराएको हुनाले पाउनुहुने महानुभावले मोबाइल नं. ९८०८१३०६७१ मा सम्पर्क गरि बुझाई दिनहुन हार्दिक अनुरोध गरिन्छ।

**अनुरोधकर्ता**
पिन्टु राउत


## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६३०१५ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |
| पञ्चदेवी टेक्निकल ईन्टिच्युट लहान | ०३३-५६५४६८<br>९८१६७३७३३१ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

# अमेरिकामा बालबालिकालाई नेपाली भाषा र संस्कृति सिकाउँदै 'ककाकि'

चितवनकी सरिता रेग्मीले आफ्नै घरमा रहेको सेतोपाटीमा कोरेको कप, कलम, घर, नङ जस्ता शब्दलाई अमेरिकामा रहेका मिलन सैजु, अनिका रौनियार, सौर्य र मिफुने गुरूङले एकसरो सर्सर्ती सुनाउँछन् । नेपाली सिक्दै गरेका विद्यार्थीलाई पढाइने सो कक्षामा हिजो आज नेपाली सिकाउन अँग्रेजी शब्दलाई अनुवाद गर्नुपर्दैन । शिक्षिका रेग्मी खुसी हुँदै भन्छिन् 'हामी केहीबेर पढाउँछौं, केही बेर गीत गाउँछौं बच्चाहरूले यसैमा मनोरञ्जन लिने गरेका छन् ।' एकछिन पढाएपछि 'रेसम फिरिरि' भाकामा विद्यार्थीसँगै गीत गुनगुनाउन थाल्छिन् सरिता ।

हप्तामा एक दिन हुने उक्त तहका विद्यार्थीको कक्षा नेपालमा झिसमिसे बिहानीमा नै सुरू हुन्छ र एक घण्टासम्म चल्छ । अमेरिकामै जन्मिएर यी ४ जना विद्यार्थीहरु स्पष्ट नेपाली बोल्न जान्दैनन् । तर उनीहरूलाई रेसम फिरिरिको धुनले भने लोभ्याउन थालिसकेको छ । सरिताले गाउन सुरू गरेपछि उनीहरु पनि खुसीहुँदै रेसम फिरिरिको भाकामा ताली बजाउन थाल्छन् ।

यो दृश्य ककाकिद्वारा अमेरिकामा रहेका नेपालीका छोराछोरीको लागि सञ्चालन गरिएको नेपाली भाषा शिक्षण कक्षाको एउटा दृश्य हो । आफ्ना छोराछोरीलाई नेपाली भाषा र संस्कृतिको बारेमा जानकारी दिन चाहनेहरूले झण्डै छ महिनाअघिदेखि यसरी अनलाइन कक्षाबाट नेपाली पढाउन थालेका छन् ।

त्यसो त अमेरिकामा नेपाली पढाउने यो पहिलो कक्षा भने होइन । यसअघि पनि अमेरिकाका २० वटाभन्दा बढी राज्यमा स्वयंसेवकको रूपमा नेपालबाट गएका शिक्षक शिक्षिकाहरूले नेपाली पढाउने गरेका थिए । तर त्यो एकातर्फ स्वयंसेवी काम भएकोले त्यसमा स्थायित्वको चुनौती थियो भने अर्कोतर्फ कोरोनाका कारण भौतिक उपस्थिति सम्भव नभएपछि ती सबै कक्षाहरु बन्द भए ।

क्यालिफोर्नियामा बसोबास गर्ने प्रदीप खनाल भन्छन् 'नेपालीहरु धेरै बस्ने ठाउँमा त यसअघि नेपाली कक्षाहरु भौतिक रूपमा नै हुने गरेका थिए । तर ती सबै स्वयंसेवी काम भएकोले यसको स्थायित्वबारे चुनौती थपिएको थियो । त्यसैले पहिलेदेखि नै नेपाली भाषासँगै संस्कृति समेत सिकाउने छुट्टै 'प्लेटफार्म'को आवश्यकता भने धेरैले महसुस गरिरहेका थिए ।'

**अमेरिकामै बस्नेलाई किन आवश्यक पर्‍यो नेपाली ?**

फेरि अर्को प्रश्न आउँछ, अमेरिकामै बस्ने र उतै जन्मिएका बच्चालाई नेपाली सिकाउनुपर्ने आवश्यकता के रह्यो ? खनाल भन्छन् 'हामी अमेरिकामा नै बसे पनि अमेरिकन बन्न सक्दो रहेनछौं । त्यसैले हामी जहाँ बसे पनि हाम्रो पहिचान र संस्कृति भनेको नेपाली नै रहेछ ।'

अहिले पनि अमेरिकामा नेपाली भेट हुँदा 'तिमी नेपाली हौ ?' भनेर नसोधी सिधै 'पहाड घर कहाँ हो ?' भनेर सोध्ने चलन रहेको सुनाउँदै प्रदीप भन्छन् 'हाम्रा बच्चाहरु अमेरिकन पनि बन्न नसक्ने र नेपाली पनि बन्न नसक्ने अवस्था नआओस् भनेर नै नेपाली भाषा र संस्कृति सिकाउन थालेका हौं ।' उनले नेपाल आउँदा नेपाली नजान्ने, भाषा नजानेकै कारण नेपालमा बस्ने हजुरबुबा हजुरआमासँग कुरै गर्न नसक्ने जस्ता समस्या धेरैमा देखिएकोले पनि बच्चालाई नेपाली सिकाउन लागिएको उनी बताउँछन् ।






**ककाकिको योजनालाई कोरोनाको साथ !**

क्यालिफोर्नियामा बस्ने प्रदीप खनाल, उत्तर क्यारोलिन बस्ने सुशील सुवेदी र पेन्सिलभेनिया बस्ने वत्सल देवकोटालाई झण्डै एक वर्षअघि एउटा कुराले चसक्क मनमा छोयो – 'हामी अमेरिकामा बस्न थालेको पहिलो पुस्ता हौं । हामी त अझै पनि नेपाली संस्कारसँग परिचित छौं । तर हामीभन्दा पछिको पुस्ता ? आखिर उनीहरूको संस्कृति के होला ?'

ककाकिका योजनाकारत्रय क्रमशः वत्सल देवकोटा, प्रदीप खनाल र सुशील सुवेदी

भनिन्छ, कुनै पनि मान्छे एउटा भूगोलबाट अर्को भूगोलमा जाँदा ३ पुस्तासम्म उसको शारीरिक बनोटमा बदलाव आउँदैन । यस्तो अवस्थामा अहिले अमेरिका पुगेकाहरूको नाती पुस्तासम्मले अमेरिकी संस्कृतिलाई आफ्नो मान्न सक्दैनन् । कतै दुई पुस्ता संस्कृतिविहीन बन्ने त होइन ? भन्ने चिन्ताले सताउन थालेपछि ३ जना मिलेर संस्कृति र नेपाली भाषा सिकाउने एउटा 'प्लेटफार्म'को परिकल्पनामा लागे ।

सोच्न जति सजिलो थियो, कार्यान्वयन त्यति नै कठिन पनि थियो । अमेरिकाको ५० वटा राज्यमा बस्ने नेपालीका बच्चालाई कसरी भेला गराउने ? नेपाली भाषा र संस्कृति सिकाउने गुरू कहाँबाट खोज्ने ? यिनै कठिन प्रश्नहरूको उत्तर खोज्दै गर्दा कोरोना भाइरसको महामारी सुरू भयो ।

कोरोनाको महामारीसँगै मान्छेले भौतिक रूपमा भन्दा पनि नयाँ प्रविधिमार्फत् सिक्न खोजे । २० भन्दा बढी राज्यमा पठनपाठन गरिँदै आएको स्वयंसेवी नेपाली अध्यापन कक्षाहरु पनि कोरोनाका कारण बन्द भए । साथमा, अमेरिकाको कुनाकाप्चाका विद्यार्थीलाई पनि एउटै प्लेटफार्ममा जोड्न सकिने र नेपालबाट शिक्षकलाई पढाउन पनि सहज हुने भएपछि गत असारतिर ककाकिले एउटा परीक्षणात्मक अनलाइनकक्षा सञ्चालनमा ल्यायो ।

पहिलो कक्षामा विद्यार्थीहरूबाट राम्रो प्रतिक्रिया आयो । उनीहरूको सिकाइ प्रक्रिया प्रभावकारी लागेपछि त्यसलाई व्यवस्थित ढंगले अघि बढाउने निष्कर्षमा पुगे योजनाकारहरू, खनाल, देवकोटा र सुवेदी । अहिले ककाकि अन्तर्गत् ३ जना शिक्षक र १०० जना विद्यार्थीहरूले नेपाली भाषा सिक्दै आएका छन् ।

**भाषासँगै संस्कृति सिकाउने लक्ष्य**

ककाकिलाई यसका योजनाकारहरूले दुई तरिकाले परिभाषित गर्ने गर्छन् । पहिलो त नेपाली भाषाको पहिले सिकाइने बाह्रखरीको पहिलो ३ अक्षरको रूवमा त दोस्रो भनेको क भनेको कलम, का भनेको कापी र कि भनेको किताबको अर्थमा यसलाई परिभाषित गर्ने गरिन्छ ।

यसरी ककाकिको भाषा सिकाइ प्रक्रिया प्रभावकारी लागेपछि खनाल, देवकोटा र सुवेदीको टोलीले अब नेपाली संस्कृतिका विभिन्न पक्षलाई पनि यही प्लेटफार्मबाट सिकाउने तयारी गरेको छ । जसअन्तर्गत्, वाद्यवादनमा सारंगी, मुरली आदि सिकाउने, नेपाली संस्कृतिक नृत्य, कला आदि सिकाउने थप कार्यक्रम पनि गर्न लागिएको खनालले जानकारी दिए । अहिले नै ककाकि मार्फत् २० जनाले नेपाली परम्परागत नृत्य सिक्दै आएका छन् । यसलाई व्यापकता दिने तयारी रहेको खनाल बताउँछन् ।

**सशुल्क कक्षा**

यसअघि अमेरिकामा हुने नेपाली कक्षाहरु प्रायः स्वयंसेवीको रूपमा निःशुल्क हुने गरेका थिए । तर त्यसले स्थायित्व नपाउने भन्दै अहिलेको यो कक्षामा भने शुल्क उठाउने गरिएको छ । पाँच वर्षको बच्चालाई कम्तीमा ५ वर्षसम्म पढाउँदा उसले नेपाली सामान्यतया बोल्न सक्छ भन्ने उनीहरूको अनुमान छ । त्यसको लागि एक जनालाई व्यक्तिगत रूपमा पनि पढाउने विकल्प राखिएको छ । हप्तामा एकदिन पढाउने कक्षाको लागि महिनाको ३५ डलर तोकिएको छ भने व्यक्तिगत रूपमा पढाउन चाहनेको लागि मासिक १०० डलर तोकिएको छ । अहिले एक सातामा एकदिन अध्यापन गराउँदै आएकोमा समर सिजनमा ३ महिना स्कुल बन्द हुने भएकोले यो समयमा हरेक दिन कक्षा सञ्चालन गर्ने तयारी भइरहेको छ । *अनलाईनखबरबाट*

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई–बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।**

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६४९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)